## सुचनाको हकसम्वन्धी ऐन , २०६४ को दफा ५ को दफा (३) र नियम नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

**१. निकायको स्वरुप र प्रकृति : सुचना सार्वजनिक गर्ने निकायको नामः- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, पाल्पा ।**

**सुचना सार्वजनिक गरेको अवधिः** - मिति २०७७/०७/०१ देखि मिति २०७७/०९/ मसान्त सम्म ।

- राष्ट्रिय प्राथमिकता र स्थानिय सम्भाव्यताका आधारमा तोकिएको पूर्वाधारहरु भएको कृषि क्षेत्रको आधुनिकीकरणमा योगदान पुर्याउने गरी आर्थिक वर्ष २०७३/०७४ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई (तरकारी जोन ) को रुपमा स्थापना भएको हो ।आ.ब. २०७५/७६ सम्म यस आयोजनाले तानसेन नगरपालिकाको वडा नं. (१,५,६,७,८,९,१०,११,१२,१३ र १४) मा संचालित रहि कमाण्ड क्षेत्र ७६० हे. रहेको छ । यस परियोजना कार्यान्वयन इकाईको तरकारी जोन भित्र मुख्य रुपमा काउली, बन्दा, ब्रोकाउली, गोलभेडा, सिमि, कांक्रो, मूला, खुर्सानी, साग, भाण्टा, आदी तरकारी वालीको खेती हुने गरेको छ । आ.व.२०७६/०७७ देखि यसको कमाण्ड क्षेत्र तिनांउ गा.पा. (वडा नं. २,३,४,५ र ६) र बगनासकाली गा.पा. (वडा नं १,२,७,८, र ९) मा विस्तार गरिएको छ । हाल कमाण्ड क्षेत्र ७८१ हे. रहेको छ ।

**१.१.परियोजनाको सोंच :**

- कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रुपान्तरित आधुनिक, व्यवसायिक, दिगो एवं आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने ।
- समग्र कृषि मूल्य श्रृंखलाका अवयवहरुको एकीकृत संयोजन र परिचालन मार्फत खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकरण उन्मुख दिगो आर्थिक अवसरहरु सृजना गरि राष्ट्रको समग्र विकासमा टेवा पुर्याउने ।

**१.२.परियोजनाको उद्देश्य :**

- प्रमुख कृषि उपजहरुको विशिष्टकृत क्षेत्रहरु निर्माण गर्ने ।
- निर्यात योग्य कृषि वस्तुहरुको मूल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने ।
- कृषिलाई सम्मानजनक, नाफामुखी व्यवसायका रुपमा विकास गर्दै रोजगारीका अवसरहरु सृजना गर्ने।
- वहुसरोकारवाला निकायहरु विचको कार्यमूलक समन्वय मार्फत प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने ।

**१.३.व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम) – तरकारी जोनको उद्देश्य :**

- तरकारी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।
- कृषि यान्त्रिकरण, कृषि पूर्वाधार विकास एवं व्यवसायीकरण प्रवर्द्धन तथा प्रारम्भिक प्रशोधन केन्द्रहरुको स्थापना मार्फत कृषि आधुनिकीकरणको आधारशिला तयार गर्ने ।

**२. निकायको काम, कर्तव्य र अधिकार :**

- तरकारी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न प्रविधि तथा प्राविधिक सहयोग तथा कृषि उत्पादन सामग्रीमा सहयोग गर्ने ।
- कृषि यान्त्रीकरणका लागि कस्टम हायरिङ्ग सेन्टर स्थापना ।
- पोष्ट हार्भेष्ट सेन्टर स्थापना ।
- नर्सरी पूर्वाधार विकास सहयोग ।
- साना सिंचाइ निर्माण तथा मर्मत सम्भार सहयोग ।
- प्रारम्भिक प्रशोधन केन्द्रहरुको स्थापना ।
- कृषि आधुनिकीकरणका लागि अन्य कार्यक्रमहरु संचालन र सहजीकरण ।

कृषि अधिकृत

Scanned with CamScanner

३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :

३.१. दरवन्दी तथा कर्मचारिको विवरण :

| क. सं. | पद | स्वीकृत दरवन्दी | पदपूर्ति | रित्त |
|---|---|---|---|---|
| १ | वरिष्ठ कृषि अधिकृत | १ | १ | - |
| २ | कृषि अधिकृत | १ | १ | - |
| ३ | प्रा.स./ ना.प्रा.स. | २ | १ | १ |
| ४ | खरिदार | १ | १ | - |
| ५ | लेखापाल | १ | १ | |
| ६ | ह.स.चालक | १ | १ | - |
| ७ | का.स. | २ | २ | - |

३.२. कर्मचारीहरुको कार्य विवरण :

**वरिष्ठ कृषि अधिकृत:-** कार्यालयको आर्थिक, प्रशासन तथा प्राविधिक कामकाज गर्ने गराउने र कार्यालयले तोकेका अन्य कार्य गर्ने।

**प्रविधि विस्तार तथा अनुसन्धान शाखा:-** कार्यालयको तोकिएको लक्ष्य अनुसार कार्यक्रम संचालन तथा प्राविधिक सेवा पुर्याउने र कार्यालयले तोकेका अन्य कार्य गर्ने।

**लेखा तथा प्रशासन:-** आर्थिक, जिन्सी तथा दैनिक प्रशासनिक कामकाज गर्ने र कार्यालयले तोकेका अन्य कार्य गर्ने।

४. निकायबाट प्रदान गरिने सेवा :

- प्रविधि तथा प्राविधिक सहयोग तथा तालिम ।
- संस्थागत विकासमा सहजीकरण ।
- लक्ष्य तोकिएका कार्यक्रमहरुमा अनुदान तथा प्राविधिक सहयोग ।

चालु आ.व. मा प्रदान गरिने मुख्य मुख्य सेवा/सहयोगको विवरण :

- प्रत्येक वडामा वीमा सहजकर्ता श्रोत व्यक्ति विकास तालिम |
- स्थानीय तह संगको समन्वयमा नर्सरी श्रोत केन्द्र स्थापना/सुदृढिकरण |
- स्थानीय तहको लागत सहभागितामा बीउ स्रोत केन्द्र स्थापना |
- कफिको क्षेत्र विस्तार |
- तरकारी क्षेत्र विस्तार |
- चकलाबन्दीमा पकेट/ब्लक/जोन संचालनको लागि सहकारी र निजि क्षेत्रबाट माग संकलन, सम्भाव्यता अध्ययन र कार्यान्वयन सहयोग
- प्राविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम संचालन अनुदान |
- सहकारी संजाल मार्फत कृषि उपजको बजारीकरण सहयोग |
- जोन /सुपर जोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग |
- गत वर्ष विस्तार भएका क्षेत्र र नंया विस्तार हुने क्षेत्रमा सिंचाई पुर्वाधार निर्माण |
- भण्डारण, प्राथमिक प्रशोधन वा प्रशोधन उद्योग स्थापना |
- प्रशोधन केन्द्र एवम वजारीकरण लगाएतका पुर्वाधारको सम्भाव्यता अध्ययन |
- अस्थायी प्लाष्टिक घर निर्माण |
- न्यूनतम समर्थन मुल्य निर्धारणको लागि तथ्याङ्क संकलन र विश्लेशण |
- नीति तथा कार्यक्रम कार्यान्वयनका लागि समन्वय बैठक |
- क्षेत्र विस्तार हुने स्थानको माटो परिक्षण सेवा |
- बाली तथा वस्तुको उत्पादकत्व निर्धारण(क्रप कटिङ) |

कृषि अधिकृत

Scanned with CamScanner

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवारी अधिकारी :

परियोजना कार्यान्वयन इकाईको संगठन संरचना

प्रविधि विस्तार तथा अनुसन्धान शाखा
जिम्मेवार कर्मचारी : श्री हरि प्रसाद पाण्डे

आर्थिक प्रशासन शाखा
जिम्मेवार कर्मचारी : श्री चण्डी प्रसाद बस्याल

६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि :

यस इकाईवाट प्रदान गरिने सेवा निःशुल्क वा नियमानुसार लाग्ने दस्तुर लिई प्रदान गरिने छ र सो को लागी सेवाको प्रकृति अनुसार तुरन्तै वा बढीमा १ महिनाको अवधि लाग्नेछ । यस सम्वन्धि विवरण उल्लेख छ ।

नागरिक बडा पत्र ( Citizen Charter ) :

| क्र. सं. | प्रदान गरिने सेवा | आवश्यक पर्ने | | | शाखा | जिम्मेवार पदाधिकारी | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | कागजात | समय | शुल्क | | | | |
| १. | व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र जोन क्षेत्र विस्तारका लागि सुचिकृत गर्ने | सुचनामा उल्लेख भए बमोजिम । | तुरुन्त | निः शुल्क | प्रविधि विस्तार तथा अनुसन्धान शाखा । | कृषि अधिकृत तथा प्राविधिक समूह। | वरिष्ठ कृषि अधिकृत | |
| २. | व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र जोन संचालक समितिको बैठक संचालन | नपर्ने । | प्रत्येक महिनामा १ पटक | निःशुल्क | | जोन संचालक समितिका पदाधिकारीहरु | वरिष्ठ कृषि अधिकृत र सल्लाहकार | |
| ३. | प्रविधि तथा प्राविधिक सहयोग | नपर्ने । | मौसम अनुसार | निःशुल्क | प्रविधि विस्तार तथा अनुसन्धान शाखा । | कृषि अधिकृत/प्रा.स./ना. प्रा.स. | वरिष्ठ कृषि अधिकृत | |
| ४. | स्थलगत प्रयोगशाला सेवा, वीउ माटो तथा वाली संरक्षण | नपर्ने | आवश्कता अनुसार | निःशुल्क | प्रविधि विस्तार तथा अनुसन्धान शाखा । | कृषि अधिकृत/ विषय विज्ञ तथा प्रयोगशालाका कर्मचारी /वरिष्ठ कृषि अधिकृत | वरिष्ठ कृषि अधिकृत | |
| ५. | कृषि यान्त्रीकरणका लागी कष्टम हायरिङ्ग सेन्टर (Costum Hiring center) स्थापना / साना मेसिनरी | आवेदन तथा जोन संचालक समितिको निर्णय अनुसार | आवेदन प्रासी पश्चात आवश्यक स्थलगत प्रमाणीकरण गरी | अनुदान ५०% | प्रविधि विस्तार तथा अनुसन्धान शाखा । | कृषि अधिकृत/ संचालक समिति | वरिष्ठ कृषि अधिकृत | |

कृषि अधिकृत

Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अनुदानमा वितरण | | | | | | |
| ६. | पोष्टहार्भेष्ट सेन्टर स्थापना | आवेदन, आवश्यक जग्गाको लालपुर्जा सहित | अवेदन प्राप्ती पश्चात आवश्यक स्थलगत प्रमाणीकरण गरी | अनुदान ५०% | प्रविधि विस्तार तथा अनुसन्धान शाखा । | कृषि अधिकृत/ संचालक समिति | वरिष्ठ कृषि अधिकृत | |
| ७. | साना सिंचाई निर्माण तथा मर्मत सम्भार | आवेदन, जोन संचालक समितिको सिफारिश | आवेदन प्रासी पश्चात आवश्यक स्थलगत प्रमाणीकरण गरी | अनुदान ५०% | प्रविधि विस्तार तथा अनुसन्धान शाखा । | कृषि अधिकृत/ संचालक समिति | वरिष्ठ कृषि अधिकृत | |

**७. निर्णय गर्ने प्रक्रिया र अधिकार:**

- यस इकाईले परियोजना कार्यान्वयन म्यानुअल २०७७ अनुसारको प्राविधिक समिति र जोन संचालन समन्वय समितिको आन्तरिक बैठक तथा छलफलवाट कार्यक्रम कार्यान्वयनको आवश्यक व्यवस्था मिलाईएको छ ।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी:**

प्रचलित कानून बमोजिम तोकिएको बिषयमा सोही बमोजिम नै हुने छ भने अन्यको हकमा सेवाग्राहीले प्रत्यक्ष रुपमा निवेदन मार्फत वा कार्यालयमा व्यवस्था गरिएको उजुरी पेटिकामा आफ्नो गुनासो वा उजुरी दिन सक्नेछ ।प्राप्त उजुरीहरुलाई नियमित रुपमा संकलन तथा बिश्लेषण गरी व्यवस्थापन गर्न गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ ।

**९. हालसम्म सम्पादन गरेको मुख्य-मुख्य कामको विवरण :**

- जोन विकास कार्यक्रम अन्तर्गत संचालन हुने क्रियाकलापहरुको अनुगमन तथा मूल्यांकन — १२ पटक ।
- वाली तथा वस्तुको उत्पादकत्व निर्धारण (क्रप कटिङ) — ३० वटा ।
- प्रत्येक वडामा बीमा सहजकर्ता श्रोत व्यक्ति विकास तालिम — २ वटा ।
- नीति तथा कार्यक्रम कार्यान्वयनका लागि समन्वय बैठक — २ वटा ।
- वार्षिक स्वीकृत कार्यक्रमहरुको सुचना प्रकाशन गरिएको र प्राप्त आवेदनहरुको फिल्ड भेरीफिकेसन गरिएको ।
- ५ वटा चक्लावन्दी कार्यक्रमको सम्झौता भई कार्य प्रारम्भ भएको ।
- जोनको कार्यक्षेत्र अन्तरगतका कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता संस्था/ कृषि उद्यमीहरुलाई यस कार्यान्वयन इकाईमा सूचीकृत गरिएको ।
- अन्य कार्यक्रमहरु संचालन र सहजीकरण ।

**१०. सूचना अधिकारी र प्रमुखको नाम र पद:**

| क्र.सं. | नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १. | दिपक भट्टराई | वरिष्ठ कृषि अधिकृत/कार्यालय प्रमुख | ९८५७०६८१८१ |
| २. | हरि प्रसाद पाण्डे | कृषि अधिकृत/सुचना अधिकारी | ९८५७०६८२०४ |

**११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची:**

१. कृषि इन्टर्न कार्यविधि २०७३

२. कृषि तथा पशु सेवा प्राविधिक छनौट गर्ने कार्यविधि २०७६

३. परियोजना कार्यान्वयन म्यानुअल २०७७

४. प्रचलित ऐन कानूनहरु ।

कृषि अधिकृत

Scanned with CamScanner

१२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अध्यावधिक विवरण (दोस्रो त्रैमासिक अवधि) :

| क्र.सं. | वार्षिक विनियोजित वजेट (रु. हजारमा) | दोस्रो चौमासिक विनियोजित वजेट(रु.हजारमा) | हाल सम्म खर्च वजेट (रु.हजारमा) |
|---|---|---|---|
| १. | ३७००४.०० | २०४२५.०० | २४०४.७१ |

१३. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धि अध्यावधिक विवरण :

राजश्व आम्दानी : ९४००।-

१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण :

आ.ब. २०७६/७७ को विवरण :

वार्षिक विनियोजित वजेट : २०३२२ (रु. हजारमा) ।

वार्षिक खर्च वजेट : १०३७८·६७ (रु. हजारमा) ।

वार्षिक भारित प्रगति : ७१.२२ प्रतिशत ।

वार्षिक वित्तीय प्रगति : ५१.०७ प्रतिशत ।

मुख्य संचालित कार्यक्रमहरु :

- जोन विकास कार्यक्रम अन्तर्गत संचालन हुने क्रियाकलापहरुको अनुगमन तथा मूल्यांकन —२० पटक ।
- उद्यमशिलता तथा क्षमता अभिबृद्धि तालिम —स्थलगत (उद्यमशिलता, रोजगारीमूलक, सशक्तिकरण ,शिप विकास तथा क्षमता अभिबृद्धि तालिम ) —७ पटक ।
- योजना तर्जुमा गोष्ठी ( गोष्ठी तथा कार्यशाला ) — १ पटक
- बार्षिक प्रगति पुस्तिका प्रकाशन( प्रचार प्रसार तथा सामग्री उत्पादन तथा प्रकाशन र वितरण ) — १ पटक
- प्रधानमन्त्री कृषि रेडियो कार्यक्रम ( प्रचार प्रसार तथा सामग्री उत्पादन तथा प्रकाशन र वितरण ) — ३ पटक
- मेला महोत्सव सहयोग ( प्रचार प्रसार तथा सामग्री उत्पादन तथा प्रकाशन र वितरण ) — १ पटक
- स्थलगत प्रयोगशाला सेवा (माटो परिक्षण र वाली संरक्षण शिविर संचालन)( प्रचार प्रसार तथा सामग्री उत्पादन तथा प्रकाशन र वितरण ) — माटो परिक्षण - २ पटक तथा वाली संरक्षण शिविर संचालन - ३ पटक
- क्रप कटिङ्ग ( अध्ययन, सर्भेक्षण, अनुसन्धान ) — ६० वटा ।
- आकस्मिक वाली संरक्षण सेवा संचालन (वाली संरक्षण ) (कृषि विकास कार्यक्रम ) — २ पटक
- सहभागितात्मक व्यवसायिक उत्पादन तथा प्रशोधन प्रविधि प्रर्दशन तथा स्थलगत तालिम जोन (कृषि विकास कार्यक्रम — १ पटक
- तरकारी वाली जातिय प्रर्दशन (कृषि विकास कार्यक्रम ) — ४ वटा
- अन्तरसमूह कृषक भ्रमण (कृषि विकास कार्यक्रम ) - १ पटक
- रासायनिक विषादी अवशेष परिक्षण कार्यक्रम (कृषि विकास कार्यक्रम ) — ५० वटा
- ५० प्रतिशत अनुदानमा कृषि चून वितरण ( अन्य ) — ४.७ मे.टन
- संचालक समितिका पदाधिकारी ,सरोकारवाला, अगुवा कृषक तथा कर्मचारीहरुको अध्ययन अवलोकन भ्रमण (अन्य) — १ पटक
- प्रतिफलमा आधारित प्रोत्साहन अनुदान (अन्य) — १५० हेक्टर
- जग्गा भाडामा लिएर व्यवसायिक तरकारी खेती गरेका कृषकहरुलाई जग्गा भाडामा ५० प्रतिशत अनुदान (अन्य) — २० हेक्टर
- जोन संचालक समिति मार्फत सामूहिक खेती प्रर्वद्धन कार्यक्रम (अन्य) — ३ पटक
- तरकारी खेतीमा प्लाष्टिक मल्चीङ्ग कार्यक्रम (अन्य) — ४.१ हेक्टर
- साना सिंचाई निर्माण तथा मर्मत सम्भार (अन्य) — ३८ वटा
- तरकारी खेतीमा अस्थायी प्लाष्टिक घर निर्माणका लागि प्लाष्टिक सिटमा अनुदान (अन्य) — ८१ वटा
- पोष्ट हार्भेष्ट सेन्टर स्थापनामा सहयोग ( प्याक हाउस) (अन्य)— २ पटक

कृषि अधिकृत

Scanned with CamScanner

- जोनको कार्यक्षेत्र बिस्तार भएको गांउपालिका अनुसारका कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता संस्था/ कृषि उद्यमीहरुलाई यस कार्यान्वयन इकाईमा सूचीकृत गरिएको ।
- अन्य कार्यक्रमहरु संचालन र सहजीकरण ।

**१५. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण:**

- www. vzonepalpa.pmamp.gov.np
- ई- मेल : pmamp.piu.palpa@gmail.com

**१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :**

- वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग नभएको ।

**१७. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण:**

- १ वटा लिखित सूचना माग हुन आएको ।
- माग अनुसारको विवरण उपलब्ध गराईएको ।

**१८. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण:**

- सूचनाहरु अन्यत्र प्रकाशन नभएको ।

२०७६।१०।०८

..............................

हरि प्रसाद पाण्डे

कृषि अधिकृत/सूचना अधिकारी

Scanned with CamScanner